# सचेतना फैलाउँदै सारिकाको 'मैना चरी'

**हिमालय टाइम्स**

काठमाडौं, २८ साउन



सारिका घिमिरेको नयाँ गीत 'मैना चरी' सार्वजनिक भएको छ । सार्वजनिक गीतले महिलामाथि हुने हिंसाको संवेदनशील विषयलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ । विगतमा 'गुन भुल्यौ' गीतबाट चर्चाको शिखरमा रहनुभएकी सारिकाकै आफैं शब्द रचना रहेको गीतमा योगेश काजी शाहको संगीत र मनोज परियारको मिक्सिङ तथा माष्टरिङ छ ।

यस गीतमा सारिकाले 'मैना चरी' नामक पात्रमार्फत महिलामाथि हुने अन्याय, पीडा र उत्पीडनलाई कथा शैलीमा उजागर गर्नुभएको छ । 'मैना चरी' केवल एक गीत होइन, यो एउटा कथास्वरूप हो-पखेटा काटिएको मैना चरीको कथा जसले आफ्नो सपनाको उडान पूरा गर्न नपाएको दुःखलाई समेट्छ । यो गीतले महिलाहरूका सपनाहरू कसरी हिंसा र असमानताले अवरुद्ध बनाउँछ भन्ने कुरा मार्मिक रूपमा देखाउँछ ।

गम्भीर विष्टले निर्देशन गरेको भिडियोलाई सारिकाले आफैं अभिनय गरेर अझ प्रभावशाली बनाउनुभएको छ । भिडियोलाई सारिकाको अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ, जहाँ यसले दर्शकमा गहिरो छाप छोडेको छ । 'मैना चरी'ले महिला हिंसाविरुद्धको आवाजलाई अझ बलियो बनाउँदै समाजमा सचेतना फैलाउने विश्वास गरिएको छ । यस गीतमार्फत सारिका घिमिरेले कला र सामाजिक उत्तरदायित्वको सुन्दर मेल प्रस्तुत गर्नुभएको छ ।

# जयपुरमा 'जेरी अन टप'

**हिमालय टाइम्स**

काठमाडौं, २८ साउन



तिहारको अवसरमा आगामी असोज ३१ गतेबाट प्रदर्शनमा आउने चलचित्र 'जेरी अन टप' निर्माण टिम गीत छायांकनको लागि भारतको जयपुर पुगेको छ । निर्माता, निर्देशक र कलाकारसहितको टिम यतिबेला राजस्थानमा गीत फिल्मिङ्गमा व्यस्त छ ।

निर्माता सरोज न्यौपाने, निर्देशक सुयोग गुरुङ, अभिनेता अनमोल केसी, अभिनेत्री आँचल शर्मासहितको टिम भारत पुगेको हो । कथाको माग अनुसार आवश्यक दृश्य छायांकनका लागि जयपुर पुगेको निर्माता न्यौपानेले बताउनुभयो । प्राप्त तस्वीरमा अनमोल र आँचल रोमान्टिक अवतारमा देखिनुहुन्छ । एक गीतको छायांकन सकेर शनिबार नेपाल फर्किनेछ ।

अनन्या फिल्मस् प्रालिको ब्यानरमा तयार यो चलचित्रको केही हप्ता पहिले पोस्टर सार्वजनिकसँगै निर्माण टिम प्रचारमा जुटिसकेको छ । असोज ३१ मा 'जेरी अन टप' सोलो रिलिज हुनेछ । चलचित्रमा अनमोल र आँचलसँगै जसिता गुरुङ, चर्चित हाँस्य अभिनेता केदार घिमिरे 'माग्नेबुढा', अभिनेता भुवन केसी, अभिनेत्री सुरक्षा पन्त र उषा खड्की प्रमुख अभिनयमा हुनुहुन्छ ।

चलचित्र निर्माणमा रोविन शेरचन, रामकृष्ण श्रेष्ठ र दीपक भण्डारीले न्यौपानेसँग लगानिमा साझेदारी गर्नुभएको छ । यो चलचित्रको कथा हेमराज बिसीको हो । कार्यकारी निर्मातामा अनुराधा गिरी र ईश्वर श्रेष्ठ रहँदा एसोसिएट निर्मातामा नवीन घिमिरे, विवेक थापा र भविष्य खड्का हुनुहुन्छ । 'जेरी अन टप'मा कालीप्रसाद बाँस्कोटा, जयन जे वाइबा, जोहन चाम्लिङ राई र विजेश श्रेष्ठको संगीत छ । विश्वास तिम्सिनाको पटकथा रहँदा दुलिप रेग्मीको छायांकन छ ।

हङ्कङको एलजी एसोसिएट्सले यो चलचित्रको (अष्ट्रेलियाबाहेक) अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार खरिद गरेको छ भने नेपालमा रीच इन्टरटेन्मेन्ट र एफडी कम्पनिले वितरण अधिकार लिएका छन् ।

# गीतकार संघ नेपालका अध्यक्ष वसन्त वित्यासी थापा सम्मानित




**हिमालय टाइम्स**

काठमाडौं, २८ साउन

अन्तर्राष्ट्रिय युवा दिवस-२०२५ को अवसरमा विश्वव्यापी शान्ति महासंघ अन्तर्गत युनिभर्सल पीस फेडरेशनले 'शान्तिको लागि राजदूत' अवार्डले गीतकार वसन्त वित्यासी थापालाई सम्मान गरेको छ ।

सम्पूर्ण गीतकारहरूको साझा सर्वोच्च संस्था गीतकार संघ नेपालको कार्यसमितिमा सदस्य, सचिव, महासचिव, उपाध्यक्ष हुँदै अध्यक्ष भई हाल दोस्रो कार्यकालका लागि पनि अध्यक्षको रूपमा वसन्त वित्यासी थापाले नेतृत्व गरिरहनु भएको छ । विभिन्न सामाजिक कार्यमा क्रियाशील संघ संस्थामा आबद्ध रहेर गीतकारहरूको नैतिक, सामाजिक, आर्थिक अधिकार स्थापना तथा पहिचानका लागि गीतकार संघ नेपालको कुशल नेतृत्व गर्नुभएकोमा काठमाडौंस्थित पिस एम्बेस्सी भवनमा विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा विशेष समारोहबीच उहाँलाई 'शान्तिको लागि राजदूत'को सम्मान गरिएको हो ।

नेपाली साहित्यको ज्येष्ठ विधा गीत लेखनमा २०४२/०४३ सालदेखि सक्रिय थापाका सात वटा गीती एल्बम तथा एक गीत पुस्तक संग्रह प्रकाशित छन् भने दुईवटा गीति एल्बम तथा एक गीत पुस्तक संग्रह प्रकाशोन्मुख छन् । उहाँको २०० भन्दा बढी गीत सिर्जना छन् भने १०० भन्दा बढी गीतहरू रेकर्ड भइसकेका छन् ।

# 'कश्यप'मार्फत टिकटकर आभाको डेब्यु

**हिमालय टाइम्स**

काठमाडौं, २८ साउन

चलचित्र 'कश्यप' मा लोकप्रिय टिकटक स्टार तथा इन्फ्लुएन्सर आभा ढुंगाना अभिनेत्रीका रूपमा अनुबन्धित हुनुभएको छ । निर्देशक दिनेश जी खड्काका अनुसार, कथाको माग अनुसार नयाँ अनुहारलाई अवसर दिन खोजिएको हो र आभाको प्रतिभा तथा परफर्मेन्सलाई ध्यानमा राखी स्क्रिन-टेष्ट गरेरै फाइनल गरिएको हो । आभाले यसै चलचित्रका लागि एक्सन दृश्यको विशेष प्रशिक्षण लिइरहनुभएको छ, जसले उहाँको भूमिकामा थप दमदार र यथार्थता परक बनाउने अपेक्षा गरिएको छ ।



यसै चलचित्रमार्फत बालकलाकार रिद्धि खत्रीले पनि नेपाली रजतपटमा डेब्यु गर्न लाग्नुभएको छ । अडिशनमार्फत चयन भएकी रिद्धिले धेरै प्रतिस्पर्धीलाई पछि पार्दै 'कश्यप'को महत्त्वपूर्ण पात्रमा अवसर पाउनुभएको हो । उहाँको अभिनयले चलचित्रलाई नयाँ आयाम दिने निर्माण पक्षको विश्वास छ ।

'चलचित्रको कथा, गीतसंगीत र सम्पूर्ण पक्षलाई उत्कृष्ट बनाउन निर्माण टोलीले अत्यन्तै मिहिनेत गरिरहेको छ । मलाई विश्वास छ, 'कश्यप'ले दर्शकहरूलाई मनोरञ्जनमात्र होइन, राम्रो सन्देश पनि दिनेछ', आभा भन्नुहुन्छ । यसअघि निर्माण पक्षले एक्सन हिरो सविन श्रेष्ठलाई फिचर गरेर फष्टलुक पोष्टर सार्वजनिक गरिसकेको छ, जसले चलचित्रप्रति दर्शकमाझ उत्सुकता र कौतुहलता बढाएको छ ।

# गायनक्षेत्रमा रेखाको कौशलता

**हिमालय टाइम्स**

काठमाडौं, २८ साउन

गायिका रेखा पोखरेलले गायन क्षेत्रमा आफूलाई अब्बल रूपमा प्रस्तुत गर्दै आउनुभएको छ । दाङको बंगलाचुली गाउँपालिका-१, स्युजा खाँडामा बुबा खगराज पोखरेल र आमा तुलसी पोखरेलको कोखबाट जन्मिनुभएकी रेखा सानैदेखि गीत गाउन भनेपछि हुरुक्कै हुनुहुन्थ्यो । विद्यालयस्तरका सांस्कृतिक कार्यक्रमदेखि गाउँघरका विभिन्न अवसरमा उहाँले आफ्नो कला प्रस्तुत गर्दै आउनुभएको थियो । प्रारम्भिक शिक्षा शिव प्रा.वि.खाँडाबाट, माध्यमिक शिक्षा महेन्द्र मा.वि.स्युजा बोच पोखराबाट पूरा गर्नुभएकी रेखा हाल महेन्द्र मल्टिपल क्याम्पसमा बिबिएस दोस्रो वर्षमा अध्ययनरत हुनुहुन्छ । 'मलाई यो क्षेत्रमा स्थापित गराउन श्रीचौधरी दादा, भोजराज थापा र मेचिकाली टिमको ठूलो योगदान छ । उहाँहरूको साथ र सपोर्टकै कारण म यहाँसम्म आइपुगेकी हुँ', गायिका रेखा भन्नुहुन्छ । कलाकार बन्ने सपना बोकेर उहाँ २०८१ साल फागुन १७ गते काठमाडौं आउनुभएको थियो । आगमनको दुई-तीन दिनमै उहाँले पहिलो एल्बम 'भाग्यमाश्री छ' सार्वजनिक गर्नुभयो, जसलाई दर्शक-श्रोताले अत्यधिक मन पराए । त्यसपछि सुनिल बिसी र अग्रज कलाकार रोशन सिंहसँग गीत गाउने अवसर पाएपछि उहाँ झन् उत्साहित हुनुभयो । हाल रेखा निरन्तर एल्बम रेकर्डिङ, लाइभ दोहोरी, देशभरका मेला-महोत्सवमा प्रस्तुति दिने काममा व्यस्त हुनुहुन्छ । उहाँका 'भाग्यमाश्री छ, ऐन हेरेर, माया साह्रै छ, देखाउनलाई होइन माया'लगायतका दर्जनौं गीत औधि मन पराइएका छन् ।




## जानकी गार्डेन होटल एण्ड रिसोर्ट लि. आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०४/२९**

मधेस प्रदेश धनुषा जिल्ला जनकपुरधाम उप-महानगरपालिका वडा नं. २३ मा जानकी गार्डेन होटल एण्ड रिसोर्ट लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | जानकी गार्डेन होटल एण्ड रिसोर्ट लि.<br>ठेगानाः जनकपुरधाम उप-महानगरपालिका वडा नं. २३, बिन्ही<br>इमेलः jghrl2024@gmail.com<br>फोन नं. ९८५१०९४९७४ |
| प्रस्तावको व्यहोरा | होटल निर्माण तथा संचालन |
| प्रभाव पर्न सक्ने जिल्ला र नगरपालिका | धनुषा जिल्ला, जनकपुरधाम उप-महानगरपालिका वडा नं. २३ |
| प्रस्ताव सम्बन्धी विवरण | जानकी गार्डेन होटल एण्ड रिसोर्टले सुविधा सम्पन्न होटल निर्माण र सञ्चालन प्रस्ताव गरेको छ । ऐतिहासिक, धार्मिक र सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित होटलमा ८६ वातानुकुलित कोठा, ब्याङ्क्विट हल (Banquet Hall), रेस्टुरेन्ट, बार, VIP लाउन्ज, सभा हल, स्विमिङपुल, क्यासिनो तथा डेस्टिनेसन वेडिङ सेवा रहनेछ । |
| प्रस्तावित आयोजना क्षेत्रको विवरण | जानकी गार्डेन होटल एण्ड रिसोर्ट लिमिटेडको नाममा रहेको जनकपुरधाम उप-महानगरपालिका-२३, बिन्ही, धनुषास्थित कित्ता नं. ५९७, ९०५, ९०१, ६०९, ६०७, ६०८, ८९७, ८९९, ८७९, ८३३, ४८९, ८३२, ८८१ र ३६६ मा रहेको कुल १५,८५१.६३ वर्ग मिटर क्षेत्रफलको जग्गा तथा लिजमा लिइएको कित्ता नं. ८९८, ९००, ६६८ र ६७० मा रहेको ४,४१२.७८ वर्ग मिटर क्षेत्रफलको जग्गा । |
| भवनको कुल निर्मित क्षेत्रफल (Total Built-up Area) | मुख्य भवनः ७,५३४.१० वर्ग मिटरः ब्याङ्क्विट हलः ३,३७०.७० वर्ग मिटरः क्यासिनोः २,८९७.११ वर्ग मिटर<br>कूल जम्मा क्षेत्रफलः १३,८०१.९१ वर्ग मिटर |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको उप-महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | जानकी गार्डेन होटल एण्ड रिसोर्ट लि.<br>ठेगानाः जनकपुरधाम उप-महानगरपालिका वडा नं. २३, बिन्ही<br>इमेलः jghrl2024@gmail.com<br>फोन नं. ९८५१०९४९७४ |
| परामर्शदाताको नाम र ठेगाना | SCEC Pvt. Ltd.<br>दरबारमार्ग, काठमाडौं<br>scecpvtltd@gmail.com |

## मनकामना इन्जिनियरिङ्ग हाईड्रोपावर लि.

अनामनगर-२९, काठमाण्डौ । फोन नं: ०१-४१०२६०६
Email: hydromanakamana@gmail.com, Web:www.hydromanakamana.com.np

### पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/०४/२९ गते)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको संचालक समितिको मिति २०८२/०४/२८ गते दिउसो ४:३० बजे बसेको बैठकको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार कम्पनीको पाँचौ वार्षिक साधारण सभा बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान:**

मिति : २०८२ भाद्र २० गते, शुक्रबार ।
समय : दिनको १० : ३० बजे ।
स्थान : रोयल दरबार रेष्ट्रो एण्ड भेन्यु, महाराजगंज, काठमाण्डौ ।

**छलफलका विषयहरु:**

**क) सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. कम्पनीको लेखा परिक्षकले पेश गर्नु भएको आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन तथा वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम हाल लेखा परिक्षण गर्दै आइरहनु भएको श्री भरत एण्ड एसोसिएट्सलाई आ.व. २०८२/०८३ को लेखा परीक्षकको नियुक्ति, पारिश्रमिक निर्धारण र अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरु:**

१. हकप्रद शेयर निष्कासनको प्रस्ताव माथि छलफल गरि अनुमोदन गर्ने ।
२. कम्पनीको पूँजी बृद्धि तथा प्रबन्धपत्र नियमावाली संशोधन गर्ने सम्बन्धमा ।
३. हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न साथै प्रबन्धपत्र तथा नियमावलीमा कुनै संसोधन/थपघट/फेरबदल/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोहि सम्बन्धी कार्य गर्नका लागि कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध**

**साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु:**

१. पाँचौ वार्षिक साधारण सभा प्रयोजनको लागि २०८२।०५।०६ गते एक दिनको लागि शेयरधनी दर्ता किताब बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२।०५।०५ गते सम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोवल आई. एम. ई. क्यापिटल लिमिटेड, नक्साल काठमाण्डौंमा प्राप्त शेयर नामसारीको लिखितको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभाको दिन सभा शुरु हुनु भन्दा अगाबै सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्न अनुरोध छ । हाजिरी पुस्तिका बिहानको १०:०० बजेदेखि ११:०० बजे सम्म खुल्ला रहनेछ ।
३. सभामा उपस्थित हुने शेयरधनी महानुभावले सभाकक्ष भित्र प्रवेश गर्नका लागि आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाणपत्र वा हितग्राही खाता विवरण वा शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।
४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पुर्ण शेयरको एउटै प्रतिनिधि-पत्र (प्रोक्सि फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कार्यालयमा दर्ता गराईसक्नुपर्ने छ । प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिएको व्यक्ति समेत यस कार्यालयको शेयरधनी हुन आवश्यक छ । त्यस्तै एक भन्दा बढि व्यक्तिहरुलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याएर दिइएको प्रोक्सी बदर हुनेछ ।
५. कुनै शेयरधनी महानुभावहरुले छलफलको विषय मध्य विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने/नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।
६. कम्पनीको पाँचौ साधारण सभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय अनामनगर, काठमाण्डौं वा शेयर रजिष्ट्रार ग्लोवल आई.एम.ई. क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारी कम्पनीको वेबसाइट www.hydromanakamana.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

SAUDI मा रोजगार

Maramer Contracting Company Saudi Joint Stock Company, City: Riyadh
पुर्व स्वीकृति मिति: २०८२/४/२७ चलानी नं.: ६०२४२९५८ LT No. 329080

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Loading And Unloading Worker/ Helper | 20 | 0 | साक्षर | 1000 | ३७,१४०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ भाद्र ५ गते (21 Aug., 2025) यस प्रा. लि. को कार्यालय बानेश्वर, काठमाडौंमा हुनेछ ।

HERALD INTERNATIONAL PVT. LTD.
Govt Lic. No.: 513/061/62
Baneshwor, Kathmandu, Nepal. Tel.: 01-4575339, 4568697
Email: herald_international@yahoo.com, Web : heraldnepal.com, PO Box : 161

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २९ गते बिहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : विर्तामोड शाखा** — **कर्जा शिर्षक : अटो कर्जा**

| ऋणीको विवरण |
|---|
| कुवेर नाथ पौडयालको नाति धर्मानन्द पौडयालको छोरा झापा जिल्ला शान्तीनगर वडा नं. २ हाल, अर्जुनधारा न.पा. वडा नं. ६ बस्ने **चुडामणी पौडयाल** (ना.प्र.नं. : ८५०११४५७ जारी मिति र जिल्ला : २०५७/०७/३०, झापा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| पिताम्बर प्रसाद अधिकारी छोरी धर्मानन्द पौडयालको बुहारी चुडामनी पौडयालको पत्नी झापा जिल्ला शान्तिनगर वडा नं. २ हाल, अर्जुनधारा न.पा. वडा नं. ६ बस्ने **रचना पौडयाल** (ना.प्र.नं. : ०४१००२/६२७ जारी मिति र जिल्ला : २०६६/०२/१८, झापा) |

**२) शाखा कार्यालय : गुलरिया शाखा** — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा तथा हायरपर्चेज कर्जा**

| ऋणीको विवरण |
|---|
| वल वहादुर ज्ञवालीको नाति देव वहादुर ज्ञवालीको छोरा गुल्मी जिल्ला दौधा वडा नं. ७ हाल, बर्दिया जिल्ला गुलरिया न.पा वडा नं ५ बस्ने **सन्त वहादुर ज्ञवाली** (ना.प्र.नं. : २११७ जारी मिति र जिल्ला : २०४९/१२/०४, गुल्मी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) देव वहादुर ज्ञवालीको बुहारी सन्त वहादुर ज्ञवालीको पत्नी गुल्मी जिल्ला दौधा वडा नं. ७ हाल, गुलरिया न.पा. वडा नं. ५ बस्ने **सरस्वती ज्ञवाली** (ना.प्र.नं. : ८४२७ जारी मिति र जिल्ला : २०५६/०३/१०, गुल्मी) |
| २) देव वहादुर ज्ञवालीको नाति सन्त वहादुर ज्ञवालीको छोरा बर्दिया जिल्ला गुलरिया न.पा वडा नं ५ बस्ने **संजिव ज्ञवाली** (ना.प्र.नं. : ६५-०१-७५-००८९५ जारी मिति र जिल्ला : २०७५/०२/०२, बर्दिया) |

**३) शाखा कार्यालय : गुलरिया शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| देव वहादुर ज्ञवालीको बुहारी सन्त वहादुर ज्ञवालीको पत्नी गुल्मी जिल्ला दौधा वडा नं. ७ हाल, गुलरिया न.पा. वडा नं. ५ बस्ने **सरस्वती ज्ञवाली** (ना.प्र.नं. : ८४२७ जारी मिति र जिल्ला : २०५६/०३/१०, गुल्मी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) वल वहादुर ज्ञवालीको नाति देव वहादुर ज्ञवालीको छोरा गुल्मी जिल्ला दौधा वडा नं. ७ हाल, बर्दिया जिल्ला गुलरिया न.पा वडा नं ५ बस्ने **सन्त वहादुर ज्ञवाली** (ना.प्र.नं. : २११७ जारी मिति र जिल्ला : २०४९/१२/०४, गुल्मी) |
| २) देव वहादुर ज्ञवालीको नाति सन्त वहादुर ज्ञवालीको छोरा बर्दिया जिल्ला गुलरिया न.पा वडा नं ५ बस्ने **संजिव ज्ञवाली** (ना.प्र.नं. : ६५-०१-७५-००८९५ जारी मिति र जिल्ला : २०७५/०२/०२, बर्दिया) |

**४) शाखा कार्यालय : बेनिघाट शाखा** — **कर्जा शिर्षक : लघुउद्यम कर्जा**

| ऋणीको विवरण |
|---|
| खुदा वकस मियाको नाति अमर्जु मियाको छोरा गोरखा जिल्ला ताप्ले वडा नं. १ हाल, गण्डकी गा.पा. वडा नं. ८ बस्ने **इस्माइल मिया** (ना.प्र.नं. : ३४७/९६६ जारी मिति र जिल्ला : २०४०/१२/२२, गोरखा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) अमर्जु मियाको बुहारी इस्माइल दिन मियाँको पत्नी गोरखा जिल्ला ताप्ले वडा नं. १ हाल, गण्डकी गा.पा. वडा नं. ८ बस्ने **हमेदा विवि** (ना.प्र.नं. : ८/२३८५३ जारी मिति र जिल्ला : २०४५/१२/२०, गोरखा) |
| २) अमर्जु मियाको नाति इस्माइल मियाको छोरा गोरखा जिल्ला ताप्ले वडा नं. १ हाल, गण्डकी गा.पा. वडा नं. ८ बस्ने **ईसुफ मिया** (ना.प्र.नं. : १०९४०१ जारी मिति र जिल्ला : २०६०/१२/१९, गोरखा) |
| ३) सफिजा मियाको नाति मोहम्मद हविव मियाको छोरा गोरखा जिल्ला ताप्ले वडा नं. १ हाल, गण्डकी गा.पा. वडा नं. ८ बस्ने **मुहम्मद कादीर मिया** (ना.प्र.नं. : १०१२९४ जारी मिति र जिल्ला : २०६०/०२/१२, गोरखा) |

**५) शाखा कार्यालय : सिद्धिचरण शाखा** — **कर्जा शिर्षक : हायरपर्चेज कर्जा**

| ऋणीको विवरण |
|---|
| तोङगे कामीको नाति चन्द्रे कामीको छोरा सोलुखुम्वु जिल्ला सल्लेरी वडा नं. २ हाल, सोलुदुधकुण्ड न.पा. वडा नं. ४ बस्ने **मान कुमार कामी** (ना.प्र.नं. : १०३०५४/६५७ जारी मिति र जिल्ला : २०५६/०३/०२, सोलुखुम्वु) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) भक्त बहादुर कामीको छोरी चन्द्र बहादुर कामीको बुहारी मान कुमार कामीको पत्नी सोलुखुम्वु जिल्ला सल्लेरी वडा नं. २ हाल, सोलुदुधकुण्ड न.पा. वडा नं. ४ बस्ने **लाल माया कामी** (ना.प्र.नं. : १२७७०/६८८ जारी मिति र जिल्ला : २०५७/०५/०५, सोलुखुम्वु) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ